# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प.सं.-२०८०/८१
च.नं. १२२३ (प्रशासन)

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

मितिः २०८०/११/०६

**विषयः म्यादी नगर प्रहरीको पदपूर्तिका लागि मापदण्ड प्रकाशन गरिएको सम्बन्धमा ।**

श्री जो जससँग सम्बन्ध राख्दछ ।

प्रस्तुत विषयमा बेलका नगरपालिकाको म्यादी नगर प्रहरीको सेवा करारमा पदपूर्ति सम्बन्धी पूर्व निर्धारित शारीरिक परीक्षण सम्बन्धी सूचना बमोजिम उक्त पदका लागि आवश्यक मापदण्डहरू मिति २०८०/११/०६ को करार कर्मचारी पदपूर्ति समितिको निर्णय बमोजिम निर्धारण गरिएकाले सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उक्त पदका लागि शारीरिक परीक्षणका लागि सहभागी हुनुहुने उम्मेदवारहरूले तपशील बमोजिमको पोशाकमा तोकिएको समयमा उपस्थित भईदिन हुन जानकारी गराइन्छ ।

**तपशीलः**

पुरुषको हकमाः टिसर्ट, हाल्फ पाइन्ट र स्पोर्ट सुज ।

महिलाको हकमाः टिसर्ट, ट्याक र स्पोर्ट सुज ।

..............................

पुरुषोत्तम घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः म्यादी नगर प्रहरीका लागि निर्धारण भएको मापदण्डहरू यसै पत्रसाथ संलग्न छ ।

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर ।
म्यादी नगर प्रहरीको मापदण्ड
परीक्षा योजना

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

पुरुषोत्तम घिमिरे प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | परीक्षा चरण | विवरण | पूर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|
| १ | पहिलो चरण | क. प्रारम्भिक स्वास्थ्य परीक्षण | - | - |
| | | ख. शारीरिक तन्दुरुस्ती मूल्याङ्कन | ७० | २८ |
| २ | दोस्रो चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| ३ | तेस्रो चरण | लिखित परीक्षा | २० | ८ |
| ४ | चौथो चरण | अन्तर्वार्ता | १० | ४ |
| जम्मा | | | १०० | ४० |

प्रत्येक चरणमा उत्तीर्ण उम्मेदवार मात्र अर्को चरणको परीक्षामा सहभागी हुन पाउने छन ।

१. **प्रथम चरणः**

क) प्रारम्भिक स्वास्थ्य परीक्षणः उम्मेदवारहरूको प्रारम्भिक स्वास्थ्य परीक्षण गरी देहाय बमोजिमको अयोग्यता भएका उम्मेदवारहरूलाई छनौट गरिने छैन ।

१. उचाईः पुरुष — ५ फिट २ इन्च भन्दा कम र महिलाः ५ फिट भन्दा कम भएको ।
२. छाती फुलाउदा (पुरुषले मात्र) ३३ इन्च र नफुलाउदा ३१ इन्च भन्दा कम भएको ।
३. अङ्गभङ्ग/कुरुप देखिनेलाई ।
४. हातखुट्टा बाङ्गोटिङ्गो र औँलाहरू ठीक नभएको ।
५. घुँडा Knee lock भएको अथवा Rickets भई फाटिएको (K2/K2 भन्दा माथिको) ।
६. धेरै चेप्टो पैताला भएको (भालु पाइले) ।
७. प्रष्ट बोली नभएको/भकभके ।
८. लठ्यौरो ।
९. ढाड कुप्रो भएको ।
१०. शरीर पुरा झुकाउन नसक्ने ।
११. जीउ कोल्टे परेको ।
१२. उपचार नहुने दुबी भएको (शरीरको २० प्रतिशतभन्दा बढी भागमा भएको) ।
१३. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो) कम्तिमा पुरुष ५० केजी र महिला ४२ केजीभन्दा कम ।
१४. आँखा डेरो भएको ।
१५. शरीर मोटो तर हातखुट्टा झिनो देखिने ।
१६. भेरीकोच वा नशा फुल्ने भएको ।

ख) **शारीरिक तन्दुरुस्ती मूल्याङ्कन (अंक ७०)**

पुरुषोत्तम घिमिरे प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| इभेन्टस | ३०० मि. दौड | सिट अप | पुस अप | चिन अप | ३.२ किमी दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | १० | १० | १० | १० | ३० | ७० |
| उत्तीर्णाङ्क | ४ | ४ | ४ | ४ | १२ | २८ |

इभेन्ट १: ३०० मिटर दौडका लागि

| ३५ वर्षसम्म पुरुषका लागि समयावधि | महिलाका लागि समयावधि | ३५-४५ उमेर समूहका लागि समयावधि | अंक |
|---|---|---|---|
| ४७ सेकेन्ड वा सो भन्दा कम | ५७ सेकेन्ड वा सो भन्दा कम | ५० सेकेन्ड वा सो भन्दा कम | १० |
| ४९ सेकेन्डसम्म | ५९ सेकेन्डसम्म | ५२ सेकेन्डसम्म | ९ |
| ५१ सेकेन्डसम्म | ६१ सेकेन्डसम्म | ५४ सेकेन्डसम्म | ८ |
| ५३ सेकेन्डसम्म | ६३ सेकेन्डसम्म | ५६ सेकेन्डसम्म | ७ |
| ५५ सेकेन्डसम्म | ६५ सेकेन्डसम्म | ५८ सेकेन्डसम्म | ६ |
| ५६ सेकेन्डसम्म | ६७ सेकेन्डसम्म | ५९ सेकेन्डसम्म | ५ |
| ५८ सेकेन्डसम्म | ६९ सेकेन्डसम्म | १ मिनेट १ सेकेन्डसम्म | ४ |
| ५८ सेकेन्ड भन्दा बढी | ६९ सेकेन्ड भन्दा बढी | १ मिनेट १ सेकेन्ड भन्दा बढी | अनुत्तीर्ण |

इभेन्ट २: सिट अप

| पुरुष (पटक) | महिला (पटक) | अंक |
|---|---|---|
| १८ वा सोभन्दा धेरै | १३ वा सोभन्दा धेरै | १० |
| १६ सम्म | ९ सम्म | ८ |
| १३ सम्म | ६ सम्म | ६ |
| १० सम्म | ३ सम्म | ४ |
| १० पटकसम्म पनि गर्न नसक्ने | ३ पटकसम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण |

इभेन्ट ३: पुस अप

| पुरुष (पटक) | महिला (पटक) | अंक |
|---|---|---|
| १८ वा सोभन्दा धेरै | १२ वा सोभन्दा धेरै | १० |
| १५ सम्म | ९ सम्म | ८ |
| १२ सम्म | ६ सम्म | ६ |
| ८ सम्म | ३ सम्म | ४ |
| ८ पटकसम्म पनि गर्न नसक्ने | ३ पटकसम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण |

इभेन्ट ४: चिन अप

| पुरुष (पटक) | महिला (पटक) | अंक |
|---|---|---|
| ८ वा सोभन्दा धेरै | २ वा सोभन्दा धेरै | १० |
| ६ सम्म | १ सम्म | ८ |
| ४ सम्म | ६० सेकेन्ड सम्म झुन्डिन सक्ने | ६ |
| २ सम्म | ४५ सेकेन्ड सम्म झुन्डिन सक्ने | ४ |

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| २ पटकसम्म पनि गर्न नसक्ने | ४५ सेकेन्ड सम्म झुन्डिन नसक्ने | अनुत्तीर्ण |

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इभेन्ट ५ : २ माइल (३.२ किलोमिटर) दौड

| ३५ वर्षसम्म पुरुषका लागि समयावधि | महिलाका लागि समयावधि | ३५-४५ उमेर समूहका लागि समयावधि | अंक |
|---|---|---|---|
| १५ मिनेट वा सोभन्दा कम | १९ मिनेट वा सोभन्दा कम | १७ मिनेट वा सोभन्दा कम | ३० |
| १६ मिनेटसम्म | २० मिनेटसम्म | १८ मिनेटसम्म | २६ |
| १७ मिनेटसम्म | २१ मिनेटसम्म | १९ मिनेटसम्म | २० |
| १८ मिनेटसम्म | २२ मिनेटसम्म | २० मिनेटसम्म | १६ |
| १९ मिनेटभित्र | २३ मिनेटभित्र | २१ मिनेटभित्र | १२ |
| १९ मिनेटभन्दा बढी | २३ मिनेटभन्दा बढी | २१ मिनेटभन्दा बढी | अनुत्तीर्ण |

नोटः कुनै इभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो पछि सञ्चालन हुने इभेन्टमा सहभागी गराइने छैन ।

२. **दोस्रो चरणः विस्तृत स्वास्थ्य परीक्षणका लागि बेलका नगर अस्पतालका मेडिकल अधिकृत समेतको स्वास्थ्यकर्मीले Blood Pressure and Pulse Checkup जाँच गर्नेछन ।**

३. **तेस्रो चरणः लिखित परीक्षा (२० अंक)**

४. **चौथो चरणः अन्तर्वार्ता (१० अंक)**

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत